नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरवार, काठमाडौंको

## पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/८/२७)

यस मन्त्रालय अन्तर्गतको राष्ट्रिय कपास विकास समितिको रिक्त कार्यकारी निर्देशक पदमा खुल्ला प्रतिष्पर्धाद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र र आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट कार्यालय समय भित्र यस मन्त्रालयको संघ/संस्था शाखा, सिंहदरवार, काठमाडौमा गोप्य शिलबन्दी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निर्धारित मिति र समयभित्र प्राप्त हुन नआएको तथा रीत नपुगेको दरखास्त स्वीकृत हुने छैन ।

**१. योग्यता तथा अनुभवः**

क. मान्यता प्राप्त विश्वविद्यालय एवं शैक्षिक संस्थाबाट कम्तीमा स्नातकोपाधि हासिल गरेको,

ख. दरखास्त दिने अन्तिम मितिसम्म २५ वर्ष उमेर पुरा भई ६५ वर्ष ननाघेको

**२. दरखास्त पेश गर्ने प्रक्रियाः**

क. दरखास्त पेश गर्दा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, आफुले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि, अनुभवको प्रमाणित कागजात, वैयक्तिक विवरण, २ प्रति पासपोर्ट साइजको फोटो र आवेदन दिने संस्था सँग सम्बन्धित व्यावसायिक कार्ययोजना तथा नीतिगत अवधारणाको दृष्टिकोण सहित तीन हजार शब्दमा नबढ्ने गरी (नेपाली वा अंग्रेजी भाषामा) चार प्रति तयार गरी खामबन्दी गरी पेश गर्नुपर्नेछ । शिलबन्दी प्रस्तावको खाम बाहिर आवेदकको नाम ठेगाना तथा जुन पदको लागि आवेदन दिएको हो सो पदको नाम उल्लेख गरेको हुनु पर्नेछ ।

ख. सरकारी निकाय वा संस्थानमा सेवारत आवेदकको हकमा दरखास्तसाथ सेवारत निकायबाट स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नु पर्नेछ ।

**३. नीतिगत अवधारणा/व्यावसायिक कार्ययोजनामा समावेश हुनुपर्ने मूख्य विषयहरुः**

क. समितिको स्थापनाको उद्देश्य, लक्ष्य, हालसम्म समितिको समग्र अवस्था सहितको अवधारणा

ख. समितिसँग सम्बन्धित सूचना तथा विश्लेषण

ग. समस्याको पहिचान र सोको सुधार सहितको कार्ययोजना

**४. नीतिगत अवधारणा/व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणः** छनौट सूचिमा परेका उम्मेदवारले आफुले पेश गरेको नीतिगत अवधारणा वा व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण समेत गर्नुपर्नेछ ।

**५. दस्तुरः** दरखास्त दस्तुर वापत कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कोड नं. ३१२००३५०६, राजश्व खाता ००१००१०६२०००००, राजश्व शीर्षक १४२२४ मा जम्मा हुने गरी एभरेष्ट बैक लि. सिंहदरवार शाखामा रु.३०००।०० (अक्षरेपी तीन हजार मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

**६. अन्य विवरणः**

क) छनौट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी माथि उल्लिखित पदपूर्ति सम्बन्धी प्रक्रिया स्थगित वा रद्द गर्न सक्नेछ।

ख) झुठ्ठा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनका साथै प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

ग) आवेदन फारम कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेभसाइट www.moad.gov.np बाट Download गर्न सकिने छ । अन्य थप जानकारीको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय, संघ/संस्था शाखा वा टेलिफोन नं. ०१-४२११९३२ मा सम्पर्क गर्न सकिनेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
(आवेदन फाराम)

फोटो

**आवेदन दिएको संस्था/निकायको नामः**

**पदः**

**आवेदकको व्यक्तिगत विवरणः**

क. नाम, थरः- (नेपाली)..................................................
(अंग्रेजी ठुलो अक्षर)..................................................

ख. लिङ्गः-

ग. नागरिकता नं.:-........................ जारी गर्ने जिल्लाः-........................जारी मितिः-....................

घ. स्थायी ठेगानाः-....................जिल्ला.................गा.पा./न.पा........................वडा नं............

ङ. पत्राचार गर्ने ठेगानाः-.........................................सम्पर्क नः-..........................................

च. आमाको नामः-..................................................................................................

छ. बाबुको नामः-...............................................बाजेको नामः-...................................................

ज. जन्म मितिः- वि.सं.............................................................

झ. शैक्षिक योग्यता :-..........................................

ञ. अनुभव :- ............... वर्ष

तलको सूचिमा उल्लेखित विवरण साँचो रहेको व्यहोरा स्यंम प्रमाणित गर्दछु । झुठो ठहरिएमा प्रचलित कानुन बमोजिम सजाय भोग्न तयार छु ।

**सम्बन्धित विकल्पको क्रम संख्यामा (√) चिन्ह लगाउनुहोस् ।**

| | | | | |
|---|---|---|---|---|
| नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा कसुरदार ठहर भएको | छ | | छैन | |
| भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव वेचविखन, लागू औषधको कारोवार, पुरातात्विक वस्तु, संरक्षित वन्यजन्तु सम्बन्धी कसुरमा सजाय पाएको | छ | | छैन | |
| प्रचलित कानून बमोजिम कालो सूचिमा समावेश भई फुकुवा भएको अवधि ३ वर्ष पुरा भएको | छ | | छैन | |
| कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमती प्राप्त गरेको | छ | | छैन | |
| सम्बन्धित कम्पनी वा निकायमा हिताधिकारी वा लाभग्राही भएको | छ | | छैन | |
| सार्वजनिक निकायको कुनै ठेक्का पट्टा सम्झौता गरी काम गरिरहेको | छु | | छैन | |
| प्रचलित कानुन बमोजिम नियुक्तिको लागि योग्य भएको | छु | | छैन | |

<table>
<tr><td colspan="2">आवेदकको ल्याप्चे सहीछाप</td><td rowspan="3"></td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td></tr>
<tr><td rowspan="3"></td><td rowspan="3"></td></tr>
<tr><td>आवेदकको दस्तखतः</td></tr>
<tr><td>मितिः</td></tr>
</table>

**<u>द्रष्टव्यः</u> आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुमा (√) चिन्ह लगाउनुहोस्:-**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । ☐
२. आवेदकको व्यक्तिगत विवरण (Bio Data) । ☐
३. शैक्षिक योग्यताको प्रमाण-पत्रहरुको प्रतिलिपि । ☐
४. अनुभवको हकमा सम्बन्धित संस्थाबाट कार्यानुभवको प्रमाणित प्रतिलिपी । ☐